जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १३ • अंक २०५ • २०८३ जेठ २ गते शनिवार • 16 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव अन्तिम समयमा विश्वासको मत लिनबाट पछि हटे

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ जेठ**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव अन्तिम समयमा विश्वासको मत लिनबाट पछि हटेका छन् । सत्ता गठबन्धनभित्र बढ्दो असन्तुष्टि, आन्तरिक खटपट तथा सम्भावित 'फ्लोर क्रस'को जोखिम देखिएपछि मुख्यमन्त्री यादवले शुक्रबारका लागि तय गरिएको विश्वासको मतको प्रक्रिया स्थगित गरेका हुन्। प्रदेशसभा बैठक शुक्रबार बिहान ११ बजेका लागि आह्वान गरिएको भए पनि मुख्यमन्त्रीले विश्वासको मत पेश नगर्ने निर्णय लिएको नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक कुमरकान्त झाले जानकारी दिए ।



उनका अनुसार अब मुख्यमन्त्री यादवले आगामी जेठ ८ गते प्रदेशसभामा विश्वासको मत लिने तयारी गरिएको छ। राजनीतिक वृत्तमा भने मुख्यमन्त्री यादवको यो कदमलाई सत्ता समीकरण जोगाउने रणनीतिक प्रयासका रूपमा हेरिएको छ । गठबन्धनभित्र केही दल तथा सांसद असन्तुष्ट बनेपछि सरकार बहुमत जोगाउने अंकगणितमा कमजोर देखिएको चर्चा भइरहेको थियो । आफ्नै दलभित्र समेत असन्तुष्टि बढ्दै गएको र केही सांसदले फरक धारणा राख्न सक्ने संकेत पाएपछि मुख्यमन्त्री पक्ष सतर्क बनेको स्रोतहरूको दावी छ ।

प्रदेशसभाको शुक्रबारको बैठक भने स्थगित नहुने बताइएको छ। प्रदेशसभा सचिवालयका अनुसार बैठक अन्य कार्यसूचीमा प्रवेश गरेर सञ्चालन हुनेछ। यद्यपि, राजनीतिक रूपमा सबैको ध्यान मुख्यमन्त्री यादवले किन अन्तिम समयमा विश्वासको मत टारे भन्ने विषयमा केन्द्रित भएको छ । मधेश प्रदेश सरकारमाथिको संकट गत बैशाख २१ गतेबाट थप गहिरिएको थियो । त्यसदिन सीके राउत नेतृत्वको जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

जनमतको समर्थन फिर्तासँगै मुख्यमन्त्री यादव संवैधानिक रूपमा विश्वासको मत लिन बाध्य बनेका थिए । जनमत पार्टी सरकारबाट बाहिरिएपछि सत्ता गठबन्धनको अंकगणित कमजोर बनेको छ। विपक्षी दलहरूले सरकार अल्पमतमा परिसकेको दाबी गर्दै आएका छन् भने सत्ता पक्षले अझै बहुमत कायम रहेको बताउँदै आएको छ । तर, पछिल्ला घटनाक्रमले गठबन्धनभित्रको अविश्वास सतहमा आएको राजनीतिक विश्लेषकहरू बताउँछन् । मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई समर्थन गर्ने केही सांसदहरू असन्तुष्ट रहेको चर्चा यसअघि नै चलिरहेको थियो ।

मन्त्रालय बाँडफाँट, नीति प्राथमिकता तथा राजनीतिक नियुक्तिका विषयमा गठबन्धन दलहरूबीच मतभेद बढेको बताइन्छ । यही परिस्थितिमा विश्वासको मतको दिन नजिकिँदै जाँदा सत्ता पक्षले आफ्ना सांसदलाई एकताबद्ध राख्न कठिनाइ महसुस गरेको स्रोतको भनाइ छ। प्रदेश प्रमुखको आह्वानमा मधेश प्रदेशसभाको सातौं अधिवेशन बोलाइएको हो । सरकारको सिफारिसपछि प्रदेश प्रमुखले संविधानअनुसार मुख्यमन्त्रीलाई विश्वासको मत लिन समय दिएका थिए । तर, अब एक साताको अतिरिक्त समय पाएसँगै मुख्यमन्त्री यादवले गठबन्धनभित्रको असन्तुष्टि व्यवस्थापन गर्ने प्रयास तीव्र बनाउने विश्वास गरिएको छ ।

## फुटपाथ व्यवसायीहरूको व्यवस्थापनका लागि 'फुटपाथ मिना बजार' सञ्चालन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ जेठ**

जनकपुरधामको गंगासागर पोखरी आसपासबाट हटाइएका फुटपाथ व्यवसायीहरूको व्यवस्थापनका लागि 'फुटपाथ मिना बजार' सञ्चालनमा ल्याइएको छ ।

जनकपुर कपडा तथा रेडिमेड व्यवसायी महासंघको अगुवाइमा विस्थापित व्यवसायीलाई वैकल्पिक व्यापारिक स्थान उपलब्ध गराउने उद्देश्यले बजार सञ्चालनमा ल्याइएको हो । मिना बजारको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य मनिष झाले फुटपाथ व्यवसायीहरूको व्यवस्थापनका लागि गरिएको पहल स्वागतयोग्य भएको बताए । देशभर फुटपाथमा व्यवसाय गर्नेको संख्या ठूलो रहेकाले त्यस्ता व्यवसायीहरूको तथ्यांक संकलन आवश्यक रहेको उनको भनाइ थियो । महासंघका अनुसार मिना बजारमा १०० भन्दा बढी फुटपाथ व्यवसायीलाई व्यवस्थापन गर्ने तयारी गरिएको छ ।

व्यवसाय सञ्चालनलाई सुरक्षित र व्यवस्थित बनाउन सुरक्षागार्डको व्यवस्था गर्नुका साथै सिसी क्यामेरा जडान गरिने जनाइएको छ । जनकपुरधाम उपमहानगरपालिकाले पनि फुटपाथ व्यवसायी व्यवस्थापनको प्रक्रिया अघि बढाइरहेको जनाएको छ । सरकारी प्रक्रिया पूरा हुन समय लाग्ने देखिएपछि तत्काल राहतस्वरूप निजी स्तरबाट पहल थालिएको महासंघले जनाएको छ ।

## मधेस प्याब्सनको जनकपुरधाम नगर अध्यक्षमा सरोज साह चयन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ जेठ**

मधेस प्याब्सनको केन्द्रीय कार्यसमितिको बैठले जनकपुरधाम उपमहानगर पालिकाको नगर अध्यक्षमा क्रिएटीभ पब्लिक स्कुल रामपुरको संस्थापक प्रधानाध्यापक सरोज साहलाई चयन गरेको छ। निवर्तमान नगर अध्यक्ष प्रभाष मिश्रलाई धन्यबाद दिदै केन्द्रीय अध्यक्ष प्रा.अमरेन्द्र कुमार झाले नव नगर अध्यक्ष साहलाई टीका र खाँदा लगाई बधाई दिनुका साथै सफल कार्यकालको मंगलमय शुभकामना समेत दिनु भयो। नव मनोनित नगर अध्यक्ष साहले आफू तटस्थ भई नगर स्तरमा मधेस प्याब्सन तथा नगर शिक्षालाई स्वच्छ,गुणस्तरीय तथा भयर हित बनाउने प्रतिबद्धता जाहेर गर्नुभयो ।पदाधिकारीहरुमा भोला मिश्र,पवन साह,र ।मचन्द्र पण्डीत,ममता पाठक र यशस्वी पाण्डेयको उपस्थित रहेको थियो।




## गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं ।

**गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**




# सेवाग्राहीलाई हैरानी दिएको आरोपमा प्रहरीद्वारा तीन जना विचौलियालाई पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ जेठ**

यातायात व्यवस्था कार्यालय जनकपुरधाममा सेवाग्राहीलाई हैरानी दिएको आरोपमा प्रहरीले तीन जना विचौलियालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-२ निवासी २२ वर्षीय अंकित कुमार साह, सर्लाहीको गोडैता नगरपालिका-६ का ३० वर्षीय चिन्टु कुमार सिंह तथा धनुषाधाम




नगरपालिका-३ निवासी २१ वर्षीय राजेश साह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार यातायात कार्यालयमा आउने सेवाग्राहीसँग अनावश्यक झन्झट सिर्जना गर्दै आर्थिक लाभ लिन खोजिएको भन्ने विशेष सूचनाका आधारमा शुक्रबार साँझ उनीहरूलाई नियन्त्रणमा लिइएको हो ।

धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक गणेशबहादुर बमले कार्यालय परिसर आसपास सक्रिय भई सेवाग्राहीलाई प्रभावित पार्ने गतिविधि भइरहेको सूचनापछि निगरानी बढाइएको बताए। सोही क्रममा तीन जनालाई पक्राउ गरिएको उनले जानकारी दिए ।

प्रहरीले पक्राउ परेकामाथि आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।

# एउटा नयाँ गोरेटोको खोजी

*समयका अनगिन्ती रेखाहरूमा*
*मैले आफ्नै पाइलाका डोबहरू खोजिरहें,*
*कहिले घामका रापसँगै पग्लिएँ*
*त कहिले चिसो सिरेटोसँगै ठिहिर्याएँ ।*
*कुनै शास्त्रका पानाहरूमा लेखिएको छैन–*
*कि मान्छेले कति पटक लड्नुपर्छ,*
*आफ्नै अस्तित्वको प्रमाण जुटाउन ।*
*मैले त मात्र यति बुझेँ,*
*हिँड्नु नै जीवन हो,*
*र हरेक ठेस एउटा नयाँ पाठ हो ।*
*हिजोका पाटाहरू धमिलो हुँदै जाँदा*
*म आजको उज्यालोमा*
*एउटा फरक रङ्ग भर्न चाहन्छु,*
*जहाँ न कुनै बन्धन होस्, न कुनै डर,*
*मात्र एउटा स्वतन्त्र आकाश होस् ।*
*म अब शब्दका मन्दिरहरू बनाउँदिनँ,*
*म त मात्र ती भावनाहरूलाई पोख्न चाहन्छु*
*जुन कसैले नसुनेका सुस्केरा बनेर बसेका छन्,*
*र खोज्न चाहन्छु एउटा यस्तो गोरेटो*
*जहाँ पुगेपछि फर्किएर हेर्दा–*
*पछुतो होइन, एउटा मिठो मुस्कान बाँकी रहोस् ।*

# जनकपुर साहित्य महोत्सवको सातौं संस्करण जेष्ठ १ गतेदेखि सुरु




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ जेठ**

बिगतका वर्षहरुमा जस्तै जनकपुर साहित्य महोत्सवको सातौं संस्करण आजदेखि सुरु हुँदै छ । जनकपुरधाम स्थित महेन्द्र नारायण निधि सभाहलमा विभिन्न कार्यक्रमबीच औपचारिक रूपमा यसको सातौं संसकरण सुरु हुन लागेको हो । जेठ १,२ र ३ गरी तीन दिनसम्म सञ्चालन हुने यस महोत्सवमा बिगतमा जस्तै बहुप्रतिष्ठित व्यक्तित्वहरुका सहभागिता रहनेछन् भने विभिन्न विषयगत विचार-विमर्श हुनेछन् । साहित्यप्रेमी, लेखक, बुद्धिजीवी, प्राज्ञ, अनुसन्धानकर्ता, पत्रकार लगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूको सहभागिता रहनेछन् ।

महोत्सव अवधिभर संस्कार, संस्कृति, धरातलीय साहित्य, शिक्षा, खेलकुद, राजनीति तथा परराष्ट्र नीति लगायत समसामयिक तथा बहुआयामिक विषयहरूमा विचार विमर्श, अन्तरक्रिया र छलफल कार्यक्रमहरू आयोजना गरिनेछन्।

महोत्सवले साहित्य र समाजबीचको सम्बन्धलाई थप सुदृढ गर्दै बौद्धिक बहसको साझा मञ्च प्रदान गर्ने लक्ष्य राखेको छ। साथै, नयाँ पुस्तालाई साहित्यप्रति आकर्षित गर्ने र स्थानीय पहिचान तथा सांस्कृतिक सम्पदाको प्रवर्द्धन गर्ने उद्देश्य पनि रहेको छ ।

सम्पूर्ण साहित्यप्रेमी, विद्यार्थी, अनुसन्धानकर्ता तथा आम नागरिकलाई महोत्सवमा सहभागी भई कार्यक्रम सफल बनाउन आयोजक हार्दिक अनुरोध गर्दछ ।

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: पढाईमा ध्यान दिनुपर्ने
मिथून: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: विचार गरेर बोल्नुहोला
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: खानपानमा समस्या आउने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: आम्दानी हुने



## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# ट्रम्प-सी शिखर वार्ता: 'उत्कृष्ट व्यापार सम्झौता' भएको दाबी, बोइङका दुई विमान किन्ने चीनको सहमति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ जेठ**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच भएको उच्चस्तरीय शिखर वार्ता सकारात्मक मोडमा टुङ्गिएको छ। बेइजिङमा भएको यस ऐतिहासिक भेटवार्तापछि राष्ट्रपति ट्रम्पले दुवै देशबीच 'उत्कृष्ट व्यापार सम्झौता' भएको दाबी गर्दै आफ्नो भ्रमणलाई 'धेरै सफल' भएको बताएका छन्।

दुई महाशक्ति राष्ट्रबीच कृषि, उड्डयन, ऊर्जा र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता महत्वपूर्ण क्षेत्रमा सहकार्य गर्ने सहमति भएको छ। ट्रम्पका अनुसार चीनले अमेरिकी कम्पनी बोइङका दुई सय ओटा ठूला जेट विमान खरिद गर्ने समझदारी जनाएको छ। साथै, चीनले अमेरिकी तेल र सोयाबिन खरिदमा पनि विशेष रुचि देखाएको छ, जसले अमेरिकी कृषि बजारलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको छ। चिनियाँ राष्ट्रपति सी चिनफिङले यो भ्रमणलाई 'माइलस्टोन' (ऐतिहासिक) को संज्ञा दिँदै दुवै देशले रचनात्मक रणनीतिक स्थिरतामा आधारित नयाँ सम्बन्ध निर्माण गर्नुपर्नेमा जोड दिएका छन्। व्यक्तिगत सम्बन्धलाई प्रगाढ बनाउन राष्ट्रपति सीले ह्वाइट हाउसको 'रोज गार्डेन' का लागि चिनियाँ फूलका बिउ उपहार स्वरूप पठाउने वाचा समेत गरेका छन्। भेटमा मध्यपूर्वको तनाव र विश्वव्यापी सुरक्षाका विषयमा पनि गम्भीर छलफल भएको थियो। राष्ट्रपति सीले इरानलाई सैन्य सहयोग गर्ने चीनको कुनै योजना नरहेको स्पष्ट पार्दै हर्मुज जलमार्ग खुला राख्नुपर्ने पक्षमा समर्थन जनाएका छन्।

यसैगरी, प्रविधिको क्षेत्रमा दुवै देशले आर्टिफिसियल इन्टेलिजेन्सको सुरक्षित र जिम्मेवार प्रयोगका लागि साझा 'गार्डरेल' (नियामकीय सीमारेखा) बनाउनेबारे संवाद सुरु गरेका छन्।

# सपहीमा ५ दिने नि:शुल्क योग शिविर सम्पन्न

**विनोद कुमार साह**
**जनकपुरधाम, १ जेठ**




नेपालको मधेश प्रदेश अन्तर्गत धनुषा जिल्लाको लक्ष्मीनियाँ गाउँपालिका-४ सपहीमा आयोजित विशाल ५ दिने नि:शुल्क योग विज्ञान शिविर सम्पन्न भएको छ।

नेपाल पतञ्जली योग समिति को आयोजनामा वैशाख २७ गतेदेखि सुरु भएको उक्त शिविर आज जेठ १ गते समापन गरिएको हो। समापन कार्यक्रममा प्रमुख अतिथि तथा लवदेव मिश्र ले योग नै हरेक रोगलाई जरैदेखि निको पार्ने प्रभावकारी माध्यम भएको बताउनुभयो। उहाँले नियमित योग अभ्यासले स्वस्थ, अनुशासित र सकारात्मक समाज निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउने धारणा व्यक्त गर्नुभयो। शिविरमा स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रम अन्तर्गत दैनिक योग अभ्यास, स्वास्थ्य सचेतना कार्यक्रम तथा "यज्ञ हवन" समेत सम्पन्न गरिएको आयोजकले जनाएको छ। कार्यक्रममा विभिन्न सामाजिक व्यक्तित्व, महिला, युवा तथा स्थानीय सर्वसाधारणको सक्रिय सहभागिता रहेको थियो।

# वट सावित्री पर्व आज श्रद्धा र भक्तिपूर्वक मनाइँदै

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १ जेठ**



पति तथा परिवारको सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै मनाइने हिन्दु महिलाहरूको महान पर्व वट सावित्री आज देशभर श्रद्धा, भक्ति तथा धार्मिक विधिअनुसार मनाइँदै छ।

विशेषगरी मिथिला, मधेश तथा तराई-मधेशका जिल्लाहरूमा यस पर्वको धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व अत्यधिक रहेको छ। पर्वका अवसरमा विवाहित महिलाहरू बिहानैदेखि स्नान गरी नयाँ वस्त्र धारण गरेर पूजा सामग्रीसहित वटवृक्ष (बरको रुख) नजिक पुगेर पूजा-आराधना गरिरहेका छन्। महिलाहरूले वटवृक्षको परिक्रमा गर्दै पवित्र धागो बाँधेर पति तथा परिवारको सुख-समृद्धिको कामना गर्ने परम्परा रहेको छ। हिन्दु धार्मिक मान्यतानुसार सावित्रीले आफ्नो अटल प्रेम, निष्ठा र दृढ संकल्पका बलमा यमराजबाट पति सत्यवानको प्राण फिर्ता ल्याएकी थिइन्। सोही धार्मिक विश्वास र आदर्शको स्मरणमा प्रत्येक वर्ष ज्येष्ठ अमावस्याका दिन वट सावित्री पर्व मनाउने गरिन्छ।

यस दिन महिलाहरू निराहार व्रत बसेर सावित्री-सत्यवानको कथा श्रवण गर्ने तथा धार्मिक अनुष्ठान सम्पन्न गर्ने परम्परा रहेको छ। जनकपुरधामस्थित विभिन्न मठ-मन्दिर, पोखरी तथा बरको रुख आसपास हिजो साँझदेखि नै व्रतालु महिलाहरूको चहलपहल बढेको देखिएको थियो। आज बिहानैदेखि जानकी मन्दिर क्षेत्र, राम मन्दिर, संकटमोचन परिसर तथा विभिन्न धार्मिक स्थलहरूमा महिलाहरूको उल्लेख्य भीड लागेको छ। पर्वका कारण बजार क्षेत्रमा पूजा सामग्री, फलफूल, मिठाई, रातो-पहेँलो वस्त्र, चुरा-पोते तथा धार्मिक सामग्रीको किनमेलसमेत बढेको व्यवसायीहरूले बताएका छन्। धार्मिक तथा सांस्कृतिक अभियन्ताहरूले वट सावित्री पर्वले वैवाहिक सम्बन्धमा विश्वास, समर्पण, धैर्यता र पारिवारिक एकताको सन्देश प्रवाह गर्ने बताएका छन्। साथै यस पर्वले मिथिला संस्कृतिको मौलिक पहिचान जोगाइराख्न महत्वपूर्ण भूमिका खेल्दै आएको उनीहरूको भनाइ छ।

# छोरी जाह्नवीको विवाहको चर्चामा बोनी कपूरको प्रष्टीकरण

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ जेठ**



बलिउड अभिनेत्री जाह्नवी कपूर र उनका प्रेमी शिखर पहाडिया यसै वर्ष विवाह बन्धनमा बाँधिने भनी भइरहेको चर्चामा उनका पिता एवं फिल्म निर्माता बोनी कपूरले मुख खोलेका छन्।

जाह्नवी र शिखरले सन् २०२६ को अन्त्यसम्ममा विवाह गर्ने तयारी गरिरहेको भन्दै भारतीय सञ्चारमाध्यमहरूमा आएका समाचारलाई बोनीले पूर्ण रूपमा अस्वीकार गरेका हुन्। केही रिपोर्टहरूले त यो जोडीले आगामी सेप्टेम्बर वा अक्टोबर महिनामा गुजरातको जामनगरमा एक भव्य परम्परागत समारोहका बिच विवाह गर्न लागेको दाबीसमेत गरेका थिए। यी अड्कलबाजीका बारेमा सोधिएको प्रश्नमा बोनी कपूरले सीधा जवाफ दिँदै भनेका छन्, 'होइन, यो कुरामा कुनै सत्यता छैन।' शिखर पहाडिया लामो समयदेखि कपूर परिवारको नजिक रहँदै आएका छन्। उनलाई जाह्नवीसँग मात्र नभई कपूर परिवारका निजी कार्यक्रम, बिदा मनाउने गन्तव्य र विभिन्न मन्दिरहरूमा समेत सँगै देखिने गरिन्छ। जाह्नवी आफैंले पनि गत अप्रिलमा 'कफी विथ करण' को एक एपिसोडमा आफू कसैसँग प्रेम सम्बन्धमा रहेको कुरालाई संकेत गरेकी थिइन्।

जाह्नवीले बलिउडमा पाइला राख्नुअघि अर्थात् सन् २०१६ देखि नै यी दुईको नाम जोडेर चर्चा हुने गरेको थियो।

# सरकार बनाउने-गिराउने खेल बन्द गरेर जनताको मुद्दामा केन्द्रित हुन बिमला अन्सारीको आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ जेठ**



मधेस प्रदेशसभाको सातौँ अधिवेशनको पहिलो बैठकमा मधेस प्रदेशकी पूर्व गृह, कानून तथा सञ्चारमन्त्री तथा प्रदेशसभा सदस्य बिमला अन्सारीले सरकारलाई सत्ता समीकरण र राजनीतिक खिचातानीभन्दा माथि उठेर जनताका आधारभूत समस्या समाधानतर्फ केन्द्रित हुन आग्रह गरेकी छन्।

बैठकलाई सम्बोधन गर्दै उनले सातौँ अधिवेशन मधेस प्रदेशका जनअपेक्षालाई सम्बोधन गर्ने, विकास, सुशासन तथा सामाजिक न्यायलाई सुदृढ बनाउने दिशामा सफल होस् भन्ने शुभकामना व्यक्त गरिन्। उनले प्रदेशसभालाई केवल "सरकार बनाउने र सरकार गिराउने खेल" मा सीमित नगर्न चेतावनी दिँदै जनताले राजनीतिक दलहरूसँग ठूलो आशा र भरोसा राखेको बताइन्। "जनताले हामीलाई सत्ता संघर्ष गर्न होइन, आफ्नो पीडा बोल्न, समस्या समाधान गर्न र अधिकार सुनिश्चित गर्न यहाँ पठाएका हुन्," उनले भनिन्, "तर हामी पटक-पटक विश्वासको मत, सत्ता समीकरण र राजनीतिक खिचातानीमै अल्झिरहेका छौँ, जसले जनतामा गम्भीर निराशा पैदा गरेको छ।" उनले अब समय आरोप-प्रत्यारोपको नभई परिणाम दिने भएको उल्लेख गर्दै किसान मल, बीउ, सिँचाइ र उचित मूल्यको अभावमा पीडित रहेको, युवाहरू रोजगारीका लागि विदेशिन बाध्य भइरहेको तथा शिक्षा, स्वास्थ्य, सडक र सुरक्षाका क्षेत्रमा अपेक्षित सुधार आउन नसकेको बताइन्।

प्रदेशमा भ्रष्टाचार बढ्दै गएको, सुख्खा, बाढी, नदी कटान तथा प्राकृतिक प्रकोपले जनजीवन कष्टकर बनेको उल्लेख गर्दै उनले दीर्घकालीन समाधानको माग गरिन्। बाढी आएपछि राहत सामग्री वितरण गरेर मात्र समस्या समाधान नहुने भन्दै चुरेदेखि सीमासम्म नदी व्यवस्थापन, नदी सफाइ तथा पक्की तटबन्ध निर्माणको गुरुयोजना आवश्यक रहेको उनको भनाइ थियो।

पूर्वमन्त्री अन्सारीले मदरसा विधेयकलाई तत्काल अगाडि बढाउन सरकारसँग माग गरिन्। अघिल्लो सरकारले नीतिगत निर्णय गरिसकेको भए पनि अहिलेसम्म कुनै ठोस प्रगति नभएको उल्लेख गर्दै उनले मुस्लिम समुदायलाई शिक्षाको मूलधारमा ल्याउन मदरसा विधेयक अत्यन्त आवश्यक रहेको बताइन्। मदरसालाई आधुनिक तथा व्यवहारिक शिक्षासँग जोडेर राष्ट्र निर्माणको मूल प्रवाहमा समावेश गर्नुपर्नेमा उनले जोड दिइन्। उनले मधेस प्रदेशभित्र धार्मिक तथा जातीय अतिवाद बढ्दै गएकोप्रति पनि चिन्ता व्यक्त गरिन्। मधेस आन्दोलनका मुद्दालाई कमजोर पार्ने उद्देश्यले समाजलाई विभाजित गर्ने गतिविधि भइरहेको दाबी गर्दै उनले सामाजिक तथा धार्मिक सद्भाव कायम राख्न सरकार गम्भीर बन्नुपर्ने बताइन्।

उनले मुस्लिम, दलित, निषाद र थारु समुदाय अझ बढी पछाडि पारिएका समुदाय रहेको उल्लेख गर्दै उनीहरूको चौतर्फी विकासका लागि विशेष योजना ल्याउन माग गरिन्। आफू मन्त्री भएको बेला दलित तथा मुस्लिम जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति र सन्त रविदासजीको जन्मजयन्तीमा सार्वजनिक बिदा दिने निर्णय गरिएको स्मरण गराउँदै उनले अधुरा रहेका योजनालाई वर्तमान सरकारले पूरा गर्नुपर्ने बताइन्। निषाद समुदायका लागि निषाद आयोग गठन गर्न, महाराज निषादराजको जन्मजयन्तीमा सार्वजनिक बिदा दिन तथा ताल, पोखरी र नदीजस्ता जलस्रोतमा निषाद समुदायको अग्राधिकार सुनिश्चित गर्न उनले माग गरिन्। विकासको नाममा सुकुम्बासी र गरीब जनताको घरबास डोजर लगाएर भत्काउने कार्य निन्दनीय रहेको भन्दै उनले वैकल्पिक बसोबासको व्यवस्था नगरी विस्थापन नगर्न सरकारलाई आग्रह गरिन्। त्यस्तै साताका दुई दिन बिदाको व्यवस्थालाई शनिबार-आइतबारको सट्टा शुक्रबार-शनिबार कायम गर्नुपर्ने माग पनि उनले गरिन्। शुक्रबार मुस्लिम समुदायका लागि विशेष धार्मिक महत्वको दिन भएकाले यसले मुस्लिम समुदायलाई राहत पुग्ने उनको भनाइ थियो।

महोत्तरी जिल्लाको जलेश्वरस्थित प्रादेशिक अस्पताल जर्जर अवस्थामा रहेको उल्लेख गर्दै उनले अस्पताललाई कम्तीमा सय शैयाको सुविधा सम्पन्न अस्पतालका रूपमा विकास गर्न माग गरिन्। साथै मणिपाल कलेज स्थापनाको नाममा खरिद गरिएको जग्गामा अहिलेसम्म कलेज सञ्चालन हुन नसकेको भन्दै महोत्तरीमा उच्च शिक्षाको व्यवस्था गर्न सरकारसँग आग्रह गरिन्। किसानका लागि प्रभावकारी सिँचाइको व्यवस्था गर्नुपर्ने माग पनि उनले उठाइन्।

अन्त्यमा उनले मधेस प्रदेशका जनता सत्ता संघर्ष होइन, विकास, रोजगारी, शिक्षा, स्वास्थ्य, सुरक्षा र सम्मानजनक जीवन चाहिरहेको उल्लेख गर्दै सातौँ अधिवेशनलाई जनअधिकार र समृद्धिको ऐतिहासिक अधिवेशन बनाउन सबै दल जिम्मेवार बन्नुपर्ने बताइन्।

# नागरिकमैत्री बन्न नसकेको अदालत प्रशासन

-सार्वजनिक सरोकारका विषय उठाउने व्यक्तिहरू व्यक्तिगत लाभका लागि होइन, समाज र जनहितका लागि अदालत जान्छन् । तर जब उनीहरूले प्रशासनिक तहमा हतोत्साहन, विलम्ब र असहजता सामना गर्नुपर्छ, तब न्याय प्रणालीप्रतिको विश्वास कमजोर बन्न पुग्छ । संविधानले नागरिकलाई न्यायमा पहुँचको मौलिक हक दिए पनि सार्वजनिक सरोकारका विषय अदालतसम्म पुर्‍याउने प्रक्रिया अझै सहज छैन । अदालत प्रशासनमा अनावश्यक अवरोध, विलम्ब र असहजता देखिँदा नागरिकको न्यायप्रतिको विश्वास कमजोर बन्न पुग्छ ।

सार्वजनिक सरोकारका विषयमा अदालत प्रशासनले नागरिकमैत्री, पारदर्शी र उत्तरदायी व्यवहार अपनाउन आवश्यक छ।

संविधानले प्रत्येक नागरिकलाई न्यायमा पहुँचको मौलिक हक प्रदान गरेको छ । संविधानले सर्वोच्च अदालतलाई सार्वजनिक सरोकारका विषयमा हस्तक्षेप गर्ने विशेष अधिकार दिएको छ, ताकि राज्यका कमजोरी, लापरवाही वा जनताको अधिकारमाथि परेको असरलाई न्यायिक परीक्षणमार्फत सुधार गर्न सकियोस् । सार्वजनिक सरोकारको विषय कुनै एक व्यक्तिको निजी स्वार्थसँग मात्र सम्बन्धित हुँदैन, समाज, जनस्वास्थ्य, उपभोक्ता अधिकार, खाद्य अधिकार, वातावरण तथा नागरिक सुरक्षासँग सम्बन्धित हुन्छ । तर व्यवहारमा हेर्दा सार्वजनिक सरोकारका विषय अदालतसम्म पुर्‍याउने प्रक्रिया भने अझै पनि सहज छैन । धेरै अवस्थामा अदालत प्रशासनमै यस्ता विषयले अनावश्यक अवरोध, विलम्ब र असहजता सामना गर्नुपरेको देखिन्छ । म स्वयंले पनि सार्वजनिक सरोकारका दुई महत्वपूर्ण विषयमा सर्वोच्च अदालतमा रिट दायर गर्ने क्रममा यस्तै अनुभव भोगेको छु । ती अनुभवहरूले मलाई एउटा गम्भीर प्रश्न गर्न बाध्य बनाएका छन्, यदि जनताको जीवन, स्वास्थ्य र संवैधानिक अधिकारसाग सम्बन्धित विषय अदालतसम्म पुर्‍याउन नै यति कठिन छ भने सामान्य नागरिकले न्यायप्रति कसरी विश्वास गर्ने ? फागुन २०८१ तिर नेपालका विभिन्न सहरमा खाना पकाउने ग्यास विस्फोटको घटना भई आगलागी तथा जनधनको क्षतिको भइरहेको थियो । मैले थाहा पाएँ- सिलिण्डरमा निरीक्षण मिति वा म्याद सकिने समय स्पष्ट रूपमा उल्लेख गरिएको हुँदैन रहेछ । संवेदनशील वस्तु भएकाले नियमित परीक्षण र निरीक्षण अत्यावश्यक हुन्छ ।

तर सिलिन्डरलाई प्रथम पटक १० वर्षपछि र त्यसपछि हरेक ५ वर्षमा निरिक्षण अनिवार्य हुन्छ । निरीक्षण मिति स्पष्ट नभए उपभोक्ताले प्रयोग गरिरहेको सिलिण्डर सुरक्षित छ वा छैन भन्ने थाहा पाउन सक्दैनन् । उक्त विषयलाई सार्वजनिक सरोकारको विषयका रूपमा लिँदै मैले सर्वोच्च अदालतमा सिलिण्डरमा निरीक्षण मिति स्पष्ट रूपमा उल्लेख गराई पाऊँ भन्ने मागसहित प्रक्रिया पूरा गरी ११ फागुन २०८१ मा रिट पेश गरेँ । तर अदालत प्रशासनले 'एक हप्तापछि आउनु होला' भन्यो । एक हप्तापछि जाँदा 'यस्तो विषय इजलासले हेर्दैन' भन्दै रिट फिर्ता गर्न दबाब दिइयो । अझ गम्भीर विषय त, रिटमा कानुनी समस्या थियो भने प्रशासनले दरपिठ गर्नुपर्ने थियो । तर मौखिक रूपमा 'रिट लैजानुस्' भनियो । मैले स्वीकार गरिनँ । फेरि 'एक हप्ता पछि आउनुस्' भनियो । पछि दरपिठ गरियो र अन्त्यमा इजलासबाट स्वीकार गरी १२ चैत २०८१ मा दर्ता भयो ।




अदालतप्रतिको विश्वास केवल न्यायाधीशको निर्णयले मात्र होइन, अदालत प्रशासनको व्यवहारले पनि निर्धारण गर्छ । नागरिकले अदालतको ढोकामा पुगेपछि कम्तीमा पनि आफ्नो विषय निष्पक्ष रूपमा सुनिने अवसर पाउनुपर्छ । यो अनुभवले मलाई महसुस गरायो कि सार्वजनिक सरोकारको विषय अदालतसम्म पुर्‍याउनु आफैंमा एउटा संघर्ष रहेछ । जनसुरक्षासँग सम्बन्धित विषयमा पनि यदि प्रशासनिक अवरोध आउँछ भने आममानिसले न्याय खोज्ने प्रक्रिया कति जटिल होला ? मेरो दोस्रो अनुभव पनि खाना पकाउने ग्याससँग नै सम्बन्धित छ । अमेरिका-इजरायल र इरान युद्धपछि काठमाडौंमा ग्यासको अभाव थियो तर नेपाल आयल निगमको प्रेस विज्ञप्तिमा भने अभाव नभएको दाबी गरिएको थियो । खाना पकाउने इन्धनको अभाव केवल बजार व्यवस्थापनको समस्या मात्र होइन, खाद्य अधिकारसँग सम्बन्धित विषय हो । नेपालको संविधानले खाद्य अधिकारलाई मौलिक हकका रूपमा स्वीकार गरेको छ । त्यसैले मैले उक्त विषयलाई सार्वजनिक सरोकारको प्रश्नका रूपमा उठाउँदै 'जनतालाई खाना पकाउने इन्धनको सहज पहुँच सुनिश्चित गराई पाऊँ' भन्ने मागसहित ८ फागुन २०८२ मा सर्वोच्च अदालतमा रिट पेश गरेँ । तर असंवेदनशील भाषा प्रयोग गर्दै तीन दिनपछि आउन भनियो । पछि रिट फिर्ता गर्न दबाब दिइयो ।

अन्ततः मैले सूचनाको हक प्रयोग गरेँ । किन रिट दर्ता नगरिएको र किन दरपिठ पनि नगरिएको भनेर सूचना माग गरेँ । सचिवालयमा उजुरीसमेत गरेँ । त्यसपछि मात्र उक्त रिट १८ दिनपछि, २५ फागुनमा दर्ता भयो । अझ महत्वपूर्ण विषय के थियो भने, दर्ता भएपछि उक्त रिटलाई अदालतले जनताको खानामा पहुँच र खाना पकाउने इन्धनसँग सम्बन्धित संवेदनशील विषय मानेर अग्राधिकारसमेत प्रदान गऱ्यो । यसले एउटा गम्भीर प्रश्न उठाउँछ, यदि विषय वास्तवमै महत्वपूर्ण थिएन भने अदालतले अग्राधिकार किन दिन्थ्यो ? यसले अदालत प्रशासन र न्यायिक दृष्टिकोणबीचको अन्तरलाई स्पष्ट देखाउँछ र साथै अदालत प्रशासनद्वारा आफ्नो अधिकारको गलत प्रयोग भइरहेको पनि प्रष्ट पार्छ । यी अनुभवले मलाई एउटा निष्कर्षमा पुऱ्याएका छन्, नेपालमा सार्वजनिक सरोकारको विषयमा निवेदन दर्ता गर्नु कहिलेकाहीं युद्ध जित्नु बराबर भएको छ ।

**साभार : कान्तिपुर ।**

## माईग्रेसन हरायो

जनकपुरबाट जलेश्वर जाने क्रममा तपसिल बमोजिमको प्लस टुको माईग्रेसन सर्टिफिकेट हराएकोले फेला पार्ने महानुभावले तलको ठेगानामा उपलब्ध गरिदिनुहन अनुरोध छ ।

**तपसिल**

**नाम : अंशु कुमारी साह**
**रजि.नं. : ८०२१७०११०२३९**
हराएको मिति : २०८२।१।१९
सम्पर्क नं. : ९८४४०५६९५०

## सुशासन अभियानअन्तर्गत यातायात कार्यालयमा विचौलिया माथि कडाइ, तीन पक्राउ

**ओपी साह**
**जनकपुरधाम, १ जेठ**

यातायात व्यवस्था कार्यालय जनकपुरधाम बाट तीन जना विचौलिया लाई प्रहरीले पक्राउ गरेको छ।

कार्यालयमा कामकाजका लागि आउने सेवाग्राहीलाई झन्झट तथा हैरानी दिने गरेको गुनासो तथा विशेष सूचनाको आधार मा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो।



पक्राउ पर्नेहरूमा धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका-२ शिवचोक बस्ने वर्ष २२ का अंकित कुमार साह, सर्लाही जिल्लाको गोडैता नगर पालिका-६ बस्ने वर्ष ३० का चिन्टु कुमार सिंह तथा धनुषा जिल्लाको धनुषाधाम नगरपालिका-३ बस्ने वर्ष २१ का राजेश साह रहेका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक गणेश बहादुर बमका अनुसार सेवाग्राहीलाई अनावश्यक हैरानी दिई कार्यालयभित्र विचौलियाको भूमिका निर्वाह गरिरहेको सूचनाका आधारमा उनीहरूलाई नियन्त्रणमा लिइएको हो। पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रधान मन्त्री वालेन्द्र शाह नेतृत्वमा सुशासन, पारदर्शिता तथा कार्यालयहरूमा हुने अनियमितता नियन्त्रण अभियान लाई तीव्र बनाइएपछि विभिन्न सरकारी कार्यालयबाट विचौलिया पक्राउ पर्ने क्रम बढ्दै गएको छ।

स्थानीयवासीले पनि सरकारी सेवा सहज र पारदर्शी बनाउन यस्ता कारवाही आवश्यक रहेको बताएका छन्।

## जिल्ला स्तरीय खेल छनौट प्रतियोगिता आयोजन

**ओम प्रकाश साह**
**जनकपुरधाम, १ जेठ**

जिल्ला खेलकुद विकास समितिको आयोजनामा विभिन्न खेलका जिल्ला स्तरीय छनौट प्रतियोगिताको उद्घाटन कार्यक्रम समितिका अध्यक्ष कुश कुमार यादवको प्रमुख आतिथ्यमा विधिवत रूपमा आज आयोजन गरिएको थियो। उद्घाटन कार्यक्रममा खेलाडी, प्रशिक्षक, खेलप्रेमी तथा स्थानीय सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि कुश कुमार यादवले खेलकुदले युवालाई अनुशासित, स्वस्थ र सक्षम बनाउने उल्लेख गर्दै जिल्लामा खेल प्रतिभाको पहिचान तथा विकासका लागि यस्ता प्रतियोगिता अत्यन्त आवश्यक रहेको बताउनुभयो । उहाँले खेलाडीहरूलाई मेहनत, अनुशासन र निरन्तर अभ्यास मार्फत प्रदेश तथा राष्ट्रिय स्तरमा



जिल्लाको नाम उजागर गर्न आग्रह गर्नुभयो ।समितिले प्रतियोगिता मार्फत उत्कृष्ट खेलाडी छनौट गरी आगामी प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागिता गराइने जनाएको छ ।

**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## आगलागी

**साथी लोभ्याउँछ एकचोटी, पछि तिमी खान्छौ आफै**
**कति चोटीदृढ बनौ, इन्कार गरौं,**
**दुर्व्यसनबाट टाढा रहौं ।**

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday